# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

| खण्ड ३ | मण्डनदेउपुर, मंसिर २० गते, २०७६ साल | संख्या ६ |
|---|---|---|


## भाग २

### मण्डनदेउपुर नगरपालिका

# "मण्डनदेउपुर शिक्षा नियमावली, २०७४" मा संशोधन

नगर कार्यपालिकाबाट पारित मिति: २०७६।०८।११
प्रमाणित मिति: २०७६।०८।१५

**प्रस्तावना**

**"मण्डनदेउपुर शिक्षा नियमावली, २०७४"** लाई संशोधन गर्न वाञ्छनीय भएकोले मण्डनदेउपुर नगर कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ :

१. संक्षिप्त नाम र परिभाषा : (१) यो नियमको नाम **"मण्डनदेउपुर शिक्षा नियमावली** (पहिलो संशोधन), २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **"मण्डनदेउपुर शिक्षा नियमावली २०७४"** (यस पछि मूल नियमावली भनिएको) को

क) परिच्छेद ७ को नियम २७ मा संशोधन
मुल नियमावलीको नियम २७ को उपनियम (२) पछि देहाय अनुसार उपनियम २(क), २(ख), २(ग), २(घ) र २(ङ) थप गर्ने

२(क) उपनियम (२) अनुसार गठित छनौट सहयोग समितिले उपनियम (१) मा तोकिएको म्याद भित्र अभिभावकहरुको भेलाबाट सर्वसम्मत रुपमा व्यवस्थापन समिति गठन गर्न पहल गर्नु पर्नेछ ।

२(ख) उपनियम २ (क) अनुसार सर्वसम्मत रुपबाट व्यवस्थापन समिति गठन हुन नसकेमा सो पछि १० दिन भित्रमा निर्वाचन सम्पन्न हुने गरी निर्वाचन कार्यतालिका बनाएर मण्डनदेउपुर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा १९ को उपदफा १(ख) अनुसार अभिभावक मध्येबाट छनौट हुने सदस्यहरुको छनौट निर्वाचन प्रकृयाबाट गर्नु पर्ने छ ।

२(ग) मण्डनदेउपुर नगरपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ को दफा १९ को उपदफा १(घ) अनुसार वडा समितिबाट मनोनित गर्ने सदस्य समेत उपनियम २(ख) मा तोकिएको अवधि पुरा भएको ७ दिन भित्रमा मनोनयन गरि पठाउनु पर्नेछ ।

२(घ) उपनियम २(क), २(ख) र २(ग) मा तोकिएको म्याद भित्र सर्वसम्मत, निर्वाचन तथा मनोनयन हुन नसकि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा अर्को व्यवस्था नभएसम्मको लागि नगर शिक्षा समितिले निर्णय गरि व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

तर यसरी गठन गरिएको समितिको २ महिना भित्रमा नगर कार्यपालिका समक्ष पेश गरि अनुमोदन गराउनु पर्नेछ ।

२(ङ) उपनियम २(क), २(ख) वा २(ग) बाट सदस्य मात्र छनौट भई अध्यक्ष छनौट हुन नसकेमा मौजुदा जुनसुकै सदस्यमध्येबाट भए पनि नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिका प्रमुखले अध्यक्ष मनोनयन गर्न सक्नेछ ।

## ख) परिच्छेद ९ को नियम ५० मा संशोधन

मुल नियमावलीको नियम ५० को उपनियम (२) पछि देहाय अनुसार उपनियम २(क) र २(ख) थप गर्ने

२(क) उपनियम (२) अनुसारको योग्यता पुरा भएको शिक्षक उपलब्ध नभएमा सो भन्दा तल्लो योग्यता पुरा भएको बरिष्ठतम शिक्षक तथा तथा स्थायी शिक्षक नभएमा अस्थायी, करार वा सो समेत नभएमा राहत शिक्षकलाई निमित्त प्रधान अध्यापकमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति गर्दा शिक्षा विषय अध्ययन गरेको शिक्षकलाई प्राथमिकता दिइनेछ ।

२(ख) उपनियम २ र २(क) अनुसार विद्यालय व्यवस्थापन समितिवाट नगरपालिकाले तोकेको समय सिमाभित्र प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस नभएमा नगर शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले (२) वा २(क) अनुसार प्रधानाध्यापक नियुक्ति गर्न सक्नेछ ।

**आज्ञाले,**
**प्रणराज न्यौपाने**
**नि. प्रमुख प्रशासकीय अधिकृत**